# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८२/०८३ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी विद्युतिय बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/३०)

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ (ग) र (घ) तथा बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ र दफा ११ मा भएको व्यवस्था अनुसार राजश्व परामर्श समितिको मिति २०८२/०२/२० गतेको सिफारिस र बेलबारी नगरकार्यपालिकाको मिति २०८२/०२/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका सडक र हाटबजारमा आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको दररेटमा एवं शर्तहरुको अधिनमा रहि बोलपत्र प्रक्रियाबाट सहभागी हुन सम्बन्धित कम्पनी/ फर्म सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्काको विवरण | ठेक्का नं. | आ.व. २०८२/०८३ का लागि कायम न्युनतम अंक (भ्याट सहित ) | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजार कर असुली | BM/S/NCB-01-2082/83 | ३०,५५,६१५/- | ३०००/- | कबोल अंकको ५प्रतिशत |
| २ | किर्तिमान भाउन्ने आमतोला सडक स्थानीय पुर्वाधार उपयोग शुल्क | BM/S/SQ-10-2082/83 | १५,००,५००/- | १०००/- | कबोल अंकको ५प्रतिशत |

**सि.नं. १ को लागि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म र सि.नं. २ को लागि १६ औं दिनको १२:०० बजे सम्म बोलपत्र पेश गर्न सकिनेछ ।**

शर्तहरु

१. बोलपत्र सि.नं. १ को लागि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म र सि.नं. २ को लागि १६ औं दिनको १२:०० बजे सम्म विद्युतिय माध्यम (https://bolpatra.gov.np) मार्फत मात्र दर्ता / पेस गर्न सकिनेछ र यसरी पेश भएको बोलपत्र सोही दिन दिनको ०२:०० बजे बोलपत्रदाताको रोहवरमा खोलिनेछ ।बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कार्यालयलाई बाधा पुग्नेछैन ।

२. बोलपत्र फारम दस्तुर रकम बेलबारी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २४३०१००३०१०१०००२ मा उल्लिखित रकम जम्मा गरेको राजस्व भौचर र कबोल गरेको अंकको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खाता नं. २४३०१००३०३००००२ मा जम्मा गरी वा धरौटी रकम बराबरको रकम "क" वर्गको बैंकले जारी गरेको कम्तीमा तीन महिना म्याद भएको सोही रकम बराबरको बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र पेस गर्दा अनिवार्य सम्लग्न राखी /गरी पेश गर्नु पर्नेछ ।बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु डाउनलोड र पेस अनिवार्य https://bolpatra.gov.np बाट गर्नुपर्नेछ ।बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।कार्यालयको कोड ८०१०११३०४ र राजश्व शिर्षक नम्बर १४२२९ रहेको छ ।

३. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम तोकिएको खातामा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको बोलपत्र खोल्ने मिति देखि कम्तिमा

नि. प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

१२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ सम्मको कर तिरेको प्रतिलिपि र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

४. बोलपत्र स्वीकृत पश्चात सम्झौता गर्न आउने पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालो सूचीमा राखिनेछ।

५. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको मात्र १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी / गराई बेलबारी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २४३०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

६. किस्तामा बुझाउन चाहाने बोलपत्रदाता हरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर बाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत कात्तिक मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०८२ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८३ बैशाख १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ ।

७. ठेक्काको सम्झौता अबधि २०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको लागि मात्र हुनेछ ।

८. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

९. कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ । अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

१०. कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाको रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ।

१२. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१३. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

१४. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

१५. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी

नि. प्रमुख प्रशासकीय अधिकृत

कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ ।यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१६.ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

१७.बोलपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

१८.बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१९.यस नगरपालिका अन्तर्गत विगतमा वुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको फर्म/कम्पनी ठेक्कामा सहभागी हुन पाउने छैन तर बोलपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन ।

२०.एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२१.बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२२.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२३.यस प्रकृयामा सहभागीहुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२४.माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, info@belbarimun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत